नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

ताहाचल, काठमाडौं, नेपाल

फोन नं. **+९७७-१-४५९८०१३/४५९८०१४**

इमेलः **info@aepc.gov.np** वेवसाइटः **www.aepc.gov.np**

# महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकामा अवस्थित संस्थागत, सामुदायिक तथा व्यावसायिक फोहोरबाट ऊर्जा उत्पादन हुने वायोग्यासमा आधारित साना, मझौंला तथा ठूला वायोग्यास निर्माणका लागि आशयपत्र पेश गर्ने सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०८३।०४।१५**
**निवेदन बुझाउने अन्तिम मिति : २०८३।०५।०४** (कार्यालय समय भित्र)

आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले विगत वर्ष देखि जैविक ऊर्जा प्रविधिहरुको प्रवर्द्धन, निर्माण तथा जडान कार्यहरु संचालन गर्दै आईरहेको छ । हालसम्म २० वटा ठूला क्षमताका व्यावसायिक एवं नगरपालिकाबाट उत्पादन हुने फोहोरबाट वायोग्यास ऊर्जामा आधारित परियोजनाहरु निर्माण भइसकेका छन् । हाल यस केन्द्रले स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत फोहोरमैला व्यवस्थापनको अभ्यासहरुलाई प्रवर्द्धन गर्ने उद्देश्यले महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाहरुमा समेत फोहोरबाट ऊर्जा उत्पादन गर्ने नेपाल सरकारको लक्ष्य रहेको छ । साथै सो परियोजनाबाट निस्कने लेदो मललाई प्राङ्गारिक मल बनाई कृषि लगायत बालिनालि तथा खेतबारीमा प्रयोग गरि कृषिमा लाभ प्राप्त गर्ने लक्ष्य लिएको छ । सोही कारणले संस्थागत, सामुदायिक तथा व्यावसायिक प्रयोजनका लागि वायोग्यासमा आधारित फोहोरबाट ऊर्जा उत्पादन, ऊर्जामा आधारित साना, मझौंला देखि ठूला वायोग्यास प्लाण्टहरु निर्माण गर्नका लागि सहयोग प्राप्त गर्न इच्छुक महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाले केन्द्रको माथि उल्लेखित ठेगाना वा केन्द्रको इमेल ठेगानामा आशयपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**पूनश्चः यसअधि यस्तो प्रकारको आशयपत्र पेश गरिसकेका महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाहरुले पनि यस सूचना बमोजिम पुनः आशयपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।**

यस कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी यस केन्द्रको वेवसाइट **www.aepc.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।